## नेपाल दूरसञ्चार प्राधिकरणमा मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना ।

**(प्रकाशित मिति : २०८३।०४।०६)**

नेपाल दूरसञ्चार प्राधिकरणका लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने तपसिलमा उल्लिखित सामान, निर्माण सेवा तथा परामर्श सेवा उपलब्ध गराउने प्रयोजनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क), सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ तथा नेपाल दूरसञ्चार प्राधिकरण खरिद विनियमावली, २०७३ को विनियम २२ को प्रयोजनका लागि मौजुदा सूची (Standing List) तयार गर्न आवश्यक भएकोले तोकिएका कागजातहरू संलग्न गरी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-२क. बमोजिमको ढाँचामा इच्छुक इजाजत प्राप्त दर्तावाल व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट यस प्राधिकरणमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ। सूचीमा समावेश हुनका लागि विषयगत रूपमा छुट्टाछुट्टै निवेदन दर्ता गराउनुपर्नेछ। रीत नपुगी आएका निवेदनलाई मान्यता दिइनेछैन। प्राप्त दरखास्त सूचीकृत गर्ने वा नगर्ने अधिकार यस प्राधिकरणमा सुरक्षित रहनेछ।

**तपसिल**

**क. खरिद तथा आपूर्ति**

१. कार्यालय सामान, स्टेसनरी तथा मसलन्द,
२. कम्प्युटर तथा कम्प्युटर उपकरण, प्रिन्टर, फोटोकपी स्क्यानर, SSD, Hard disk, इन्टरनेट, युपिएस, कार्टेज, टोनर तथा इलेक्ट्रोनिक्स सामान र पार्टपुर्जाहरू,
३. इलेक्ट्रिकल सामानहरू,
४. फर्निचर तथा फर्निसिङ,
५. छपाई, प्रकाशन, प्रसारण, पत्रपत्रिका तथा पुस्तक, फोटोग्राफी, भिडियोग्राफी, ग्राफिक्स डिजाइन, डेकोरेसन सम्बन्धी,
६. ट्राभल तथा हवाई टिकट,
७. कार्यालयका सरसफाईका सामान,
८. विविध फुटकर सामानहरू।

**ख. निर्माण तथा मर्मत सम्भार**

१. कम्प्युटर तथा कम्प्युटरजन्य उपकरण, कार्यालय उपकरण, प्रिन्टर, फोटोकपी स्क्यानर, युपिएस, तथा इलेक्ट्रोनिक्स सामानहरू,
२. इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामानहरू तथा IT सँग सम्बन्धित उपकरणहरू,
३. ए.सि., सि.सि.टि.भी., क्यामेरा,
४. दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधनको मर्मत एवं स्पेयरपार्ट्स, पार्टपुर्जा,
५. दराज, कुर्सी, टेबल लगायत फर्निचर तथा फर्निसिङ सम्बन्धी सामानहरू,
६. धारा, बाथरुम, ट्वाइलेटको सामानहरू,
७. भवन मर्मत तथा पार्टेसन,
८. Fire Extinguisher (रिफ्लिङ समेत),
९. टेलिफोन सम्बन्धित EPABX System।

**ग. सेवा र परामर्श सेवा**

१. तालिम (कम्प्युटर, क्षमता विकास, ड्राइभिङ, वित्त एवं लेखा, सार्वजनिक खरिद, दूरसञ्चार एवं सूचना प्रविधि आदि),
२. भवन तथा परिसर सरसफाई,
३. जनशक्ति आपूर्ति सेवा (कार्यालयको सरसफाई, शौचालयको सरसफाई फुल बिरुवाको रेखदेख, सेक्युरिटी गार्ड, प्लम्बर, इलेक्ट्रिसियन),
४. तालिम, गोष्ठी र सेमिनार सञ्चालन गर्ने,
५. इभेन्ट व्यवस्थापन (Event Management),
६. दूरसञ्चार सम्बन्धी कानूनी, नीतिगत तथा नियमन,
७. लेखा तथा वित्तीय व्यवस्थापन,
८. दूरसञ्चार/सूचना प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान,
९. दूरसञ्चार प्रविधि तथा सेवाको प्रभाव मूल्याङ्कन,
१०. आर्थिक विश्लेषण तथा ग्राहक हक हित संरक्षण सम्बन्धी,
११. सार्वजनिक खरिद,
१२. रेडियो स्पेक्ट्रम व्यवस्थापन,
१३. साइवर सेक्युरिटी,
१४. सफ्टवेयर निर्माण, वेवसाइट निर्माण तथा आपूर्ति सम्बन्धी सेवा,
१५. दूरसञ्चार सम्बन्धी सेवा, उपकरण तथा पूर्वाधारको गुणस्तर जाँचबुझ, अनुगमन, निरिक्षण।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**

१. संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि,
३. मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि (मू.अ. करमा दर्ता हुनेको हकमा मात्र),
४. आ.व. २०८१।८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. व्यावसायिक इजाजत पत्रको प्रमाणपत्रको प्रतिलिपि (इजाजत आवश्यक पर्नेको हकमा मात्र),
६. प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्व:घोषणाको निवेदन,
७. कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) बमोजिमको शेयरधनी र डिबेन्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि (कम्पनी ऐन बमोजिम दर्ता भएका संस्थाको हकमा मात्र।

**नेपाल दूरसञ्चार प्राधिकरण**
**जमल, काठमाडौं।**
फोन नं. ९७७-०१-५३५५४७४
**Email: ntra@nta.gov.np, URL: www.nta.gov.np**